जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ५७ २०८२ साल असोज ८ गते बुधबार (24 Sep 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : अख्तियारमा ३७ हजार २६ उजुरी ... ३ पृष्ठमा : इनड्राइभको दशैं ... ३ पृष्ठमा :सुपर टाइफुन रागासा ...

# सुरक्षा निकायका कार्यालयमा ३१ लाख ८५ हजार बराबरको क्षति



**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**

जेनजीको प्रदर्शनका क्रममा सप्तरीका सुरक्षा निकायका कार्यालयहरुमा लाखौंको मुल्य बराबरको क्षति भएको छ ।

भदौ २४ गते प्रदर्शनका क्रममा जिल्लाको विभिन्न स्थानमा रहेको प्रहरी कार्यालय र युनिटमा भएको तोडफोड र आगजनीबाट ३१ लाख ८५ हजार रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय कल्याणपुरमा १ लाख, इलाका प्रहरी कार्यालय बोदेबर्साइनमा १२ लाख, प्रहरी चौकी मौवहामा ३५ हजार, जिल्ला अदालत समन्वय तथा सुरक्षा प्रहरी युनिटमा १५ लाख र उच्च अदालत जनकपुर राजविराज इजलाशमा रहेको सुरक्षा गार्ड युनिटमा ३५ हजार गरी कुल ३१ लाख ८५ हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

उनले सबैभन्दा बढी क्षति इलाका प्रहरी कार्यालय बोदेबर्साइन र जिल्ला अदालत सुरक्षा प्रहरी युनिटमा भएको बताए । जिल्ला अदालतमा प्रहरीले लगाउने पोशाक, विस्तरा र बन्दोबस्तीका अन्य सामानसहित चार वटा मोटरसाईलसमेत जलेर नष्ट भएको उनले जानकारी दिए ।

यसरी नष्ट पारिएका प्रहरी कार्यालय र प्रहरी युनिटहरुको पुर्नस्थापनाको कार्य तिव्र गतिमा अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## पोखरीमा डुबेर दुई बालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**

सप्तरीको सुरुङ्गा नगरपालिकामा सोमबार पोखरीमा डुबेर दुई बालिकाको मृत्यु भएको छ ।

वडा नं. २ स्थित अरविन्द चौधरीको पोखरीमा सोमबार साँझ नुहाउन गएकी सोही वडाका सुरेन्द्र चौधरीकी ७ वर्षीया छोरी सुस्तिका चौधरी र केशर चौधरीकी ११ वर्षीया छोरी आशकी चौधरीको डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

उनीहरु सँगै नुहाउन गएकी ८ वर्षीया प्रियान्सु चौधरी भने बाच्न सफल भएकी छिन् । उनलाई स्थानीयवासीले तत्कालै उद्दार गरे पनि अन्य दुई जनालाई भने जिवितै गर्न सकेका थिएनन् ।

मृतक दुबैको शव पोष्टमार्टमका लागि अस्पताल पुऱ्याई घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## वेपत्ता बालकको शव फेला

**दैनिक समाचारदाता**
**रौतहट, ७ असोज ।**

रौतहटको वृन्दावन नगरपालिका ३ विश्रामपुरका १३ वर्षीय रोशन यादवको शव घटनाको झण्डै ३० घण्टापछि फेला परेको छ ।

सोमबार विहान घटस्थापनाको अवसरमा दुर्गा पूजाको कलश शोभा यात्रामा सहभागी हुने क्रममा बागमती

*बाँकी अन्तिम पृष्ठमा*

## अपहरणपछि किशोरको हत्या

**दैनिक समाचारदाता**
**सिरहा, ७ असोज ।**

सिरहाको गोलबजार नगरपालिका १३ डंग्राहाबाट अपहरित किशोरको हत्या गरिएको अवस्थामा मंगलबार बिहान शव फेला परेको छ । आइतबार राती अपहरणमा परेका स्थानीय १७ वर्षीय अभिषेक महतोको शव घरदेखि एक सय मिटर पूर्व आँप बगैचामा फेला परेको प्रहरीले जनाएको छ ।

आफ्नै ट्याक्टर चलाउँदै आएका अभिषेक आइतबार राती खाना खाएर घर नजिकैको चोकतर्फ घुम्न गएका थिए । त्यसपछि उनी घर फर्किएनन् । परिवारजनले रातभर गाउँछिमेकमा खोजतलास गरे पनि भेटिएनन् ।

सोमबार बिहान महतो परिवारको मोबाइलमा इमोबाट पाँच करोड फिरौती माग गरिएको जानकारीसहित इलाका प्रहरी कार्यालय गोलबजारमा अभिषेकको सकुशल उद्धारका लागि निवेदन दिएको थियो ।

अपहरणकारी समूहले अभिषेकको आमाको मोबाइलको इमोमा छोरा जिउँदो चाहिएमा पाँच करोड फिरौती बुझाउन भनेको जानकारी समेत परिवारजनले प्रहरीलाई सोमबार नै दिएका थिए । इप्रका गोलबजारका प्रहरी निरीक्षक गोविन्द साहले भने, "घटनाबारे अनुसन्धान हुँदैछ । संलग्न पत्ता लगाइ कानुनी दायरामा ल्याइने छ ।"

## २२ अर्ब २५ करोड बराबरको बिमा दाबी

काठमाडौं, ७ असोज (रासस) ।

जेनजी पुस्ताको प्रदर्शनका क्रममा भएको क्षतिको रु २२ अर्ब २५ करोड ६५ लाख बरावर बिमा दाबी पुगेको छ । नेपाल बिमा प्राधिकरणका अनुसार बिमा दाबी सबैभन्दा बढी बागमती प्रदेशमा रहेको छ । सो प्रदेशमा रु १७ अर्ब ९७ करोड ७२ लाख बराबरको बिमा दाबी परेको छ । कूल एक हजार ३४३ वटा दाबीको आवेदन परेको प्राधिकरणले जनाएको छ ।

माइक्रो इन्स्योरेन्स कम्पनीसहित कूल १८ वटा बिमा कम्पनीमा दुई हजार ४७८ वटा दाबीको आवेदन परेका प्राधिकरणले जनाएको छ । गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा सरकारी तथा निजी सम्पत्तिमा आगजनी, तोडफोडलगायत घटना भएका थिए । प्राधिकरणले निजी सम्पत्तिमा भएको आगजनी र तोडफोडका सम्बन्धमा बिमा दाबी भएको स्पष्ट पारेको छ ।

ठूलो मात्रामा भौतिक सम्पत्तिको क्षति भएकाले दावीको मात्रा अझै बढ्न सक्ने देखिएको छ । प्राधिकरणले उपलब्ध गराएको विवरण अनुसार ओरियन्टल इन्स्योरेन्स कम्पनीमा मात्रै रु पाँच अर्ब २२ करोड ९८ लाख बराबरको दाबीको आवेदन परेको छ । यस्तै, सिद्धार्थ इन्स्योरेन्समा रु पाँच अर्ब आठ करोड २८ लाख बराबरको आवेदन प्राप्त भएको छ ।

सम्पत्ति बिमाको पाँच सय ३८, मोटर बिमा एक हजार सात सय ७८, इन्जिनियरिङ

*बाँकी दुई पृष्ठमा*

**हार्दिक बधाई**



**डा. मदन परियार**

राजविराज निवासी **डा. मदन परियार** नेपाल सरकारको कृषि मन्त्रीमा नियुक्त हुनुभएकोमा हार्दिक बधाईका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

**अनिल कुमार अनल**
**सम्पादक**
राजविराज दैनिक

**रेविजः तथ्य बुझौं, त्रसित नहोऔं ।**

रेविजः कुकुर तथा जंगली जनावरको टोकाईबाट मानिसमा सर्ने प्राणघातक रोग हो ।

यसबाट बच्नः

- घरपालुवा जनावरलाई नियमितरुपमा रेविजविरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं,
- जनावरले टोकेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेविजविरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरसँग टाढा बसौं,

रेविजको उपचार हुँदैन, सतर्कता अपनाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अभिभावकले बालबालिकामा बढी ध्यान दिनु आवश्यक

अभिभावकहरुले आफ्ना बालबालिकालाई आवश्यक समय दिन नसक्दा उनीहरु अहिले आधुनिक युगमा एक्लो भइरहेका छन्। मोबाइल, टिभि, भिडियो गेम जस्ता आधुनिक यन्त्रहरुमा उनीहरु अहिले बढी रमाउने गरेका छन्। जसले गर्दा उनीहरु एकहोरो बन्दै गएका छन्। समय परिवर्तनसँगै अहिलेका बालबालिकाहरु पढाई लेखाई भन्दा बढी त्यस्ता आधुनिक प्रविधिका यन्त्रहरुमा बढी समय दिने गरेका छन्।

अभिभावकहरुबाट पाउनुपर्ने माया नपाउँदा तथा विभिन्न कारणले अभिभावकहरु कार्यव्यस्त रहनाले उनीहरु एकहोरो बन्दै गइरहेको कुरामा दुई मत नहोला। उनीहरुको यस्ता गतिविधीले पढाईमा समेत असर परिरहेको छ। विद्यालयपश्चात् घर फर्केपछि बालबालिकाप्रति अभिभावकहरु जिम्मेवार रुपमा प्रस्तुत नभई घरमै पढाउन ध्यान दिननसक्नुले पनि उनीहरुको पढाईबाट रुची घट्दै गएको छ। उनीहरु लागूऔषधतर्फ समेत आकर्षित भइरहेका छन्। कलिला उमेरका नाबालक र बालबालिकाहरु यसप्रति आकर्षित हुँदै गएको पाइन्छ।

तसर्थ अभिभावकले आफ्नो जिम्मेवारीलाई सकारात्मक ढंगले निर्वाह गर्ने तर्फ अनिवार्य रहेको छ। बालबालिकालाई कुनै पनि बहानामा एकहोरो छोड्नु हुदैन्। केही समय विश्राम लिएर पनि उनीहरुको गतिविधितर्फ ध्यान दिनु जरुरी छ।

# अख्तियारमा ३७ हजार २६ उजुरी दर्ता, ६ अर्ब बढीको बिगो माग दाबी

काठमाडौँ, ७ असोज (रासस)। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा एक वर्षमा ३७ हजार २६ वटा उजुरी दर्ता भएका छन्।

आर्थिक वर्ष २०८१/८२ मा आयोगको केन्द्रीय कार्यालय र मातहत कार्यालयमा दर्ता भएका २८ हजार ५५४ वटा र त्यस अघिको आवबाट जिम्मेवारी सरी आएका आठ हजार ४७२ वटा गरी जम्मा ३७ हजार २६ वटा उजुरी दर्ता भएको आयोगले जनाएको छ।

तीमध्ये सबैभन्दा बढी अर्थात् १० हजार २४५ वटा (२७.६७ प्रतिशत) उजुरी आयोगको वेबसाइट प्रयोग गरी अनलाइनबाट प्राप्त भएका छन्। त्यसपछि क्रमशः लिखित निवेदन, इमेल, हुलाक सेवा, टेलिफोन, सामाजिक सञ्जाललगायतका माध्यमहरूबाट बढी उजुरी प्राप्त भएका आयोगको प्रतिवेदनमा उल्लेख छ। आयोगले आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आर्थिक वर्ष २०८१/८२ को ३५औँ वार्षिक प्रतिवेदन पेस गरेको छ।

यस अवधिमा दर्ता भएका कुल उजुरीमध्ये १९ हजार ५६१ वटा (५२.८३ प्रतिशत) उजुरी आयोगको केन्द्रीय कार्यालयमा छन्। आयोग मातहतका कार्यालयहरूमध्ये सबैभन्दा बढी तीन हजार ९७० वटा (१०.७२ प्रतिशत) उजुरी आयोगको कार्यालय बर्दिबासमा र सबैभन्दा कम अर्थात् ९०२ वटा (२.४४ प्रतिशत) उजुरी सम्पर्क कार्यालय नेपालगञ्जमा छन्।

आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार आयोगले केन्द्रीय कार्यालय टङ्गाल काठमाडौँका साथै इटहरी, बर्दिबास, हेटौँडा, पोखरा, बुटवल, सुर्खेत, कञ्चनपुर र नेपालगञ्जस्थित मातहत कार्यालयहरूबाट कार्यसम्पादन गर्दै आएको छ। हाल आयोगमा कूल ९९० कर्मचारी दरबन्दी रहेको र आयोगबाट ३३ वटा जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई अनुसन्धानसम्बन्धी अधिकार प्रत्यायोजन गरिएको छ।

यस अवधिमा छ वटा प्रदेशमा स्थानीय तहका निकाय वा पदाधिकारीसम्बद्ध उजुरी बढी परेका छन् भने बागमती प्रदेशमा सङ्घीय निकाय वा पदाधिकारीसम्बद्ध उजुरीको सङ्ख्या बढी रहेको प्रतिवेदनमा उल्लेख छ।

यसैगरी कर्णाली र सुदूरपश्चिम प्रदेशमा प्रदेश सरकारका निकाय वा पदाधिकारीसम्बद्ध बढी उजुरी परेको छ। उजुरीको समग्र सङ्ख्या बागमती प्रदेशमा सबैभन्दा बढी अर्थात् ११ हजार २७७ वटा (३०.४६ प्रतिशत) रहेका छन् भने गण्डकी प्रदेशमा सबैभन्दा कम अर्थात् दुई ४१३ वटा (६.५२ प्रतिशत) रहेका छन्। यस अवधिमा प्राप्त कुल उजुरीमध्ये १९ हजार ९३३ वटा अर्थात् ५३.८४ प्रतशित उजुरी स्थानीय तहसम्बद्ध, १२ हजार ४७५ वटा अर्थात् ३३.६९ प्रतिशत उजुरी सङ्घ सरकारसम्बद्ध र चार हजार ६१८ वटा अर्थात् १२.४७ प्रतिशत उजुरी प्रदेश सरकारसम्बद्ध छन्।

सङ्घ सरकारसम्बद्ध उजुरीमध्ये मन्त्रालयगत आधारमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित उजुरी सबैभन्दा बढी अर्थात् १७.१२ प्रतिशत रहेका छन्।

आव २०८१/८२ मा दर्ता कायम भएका प्रदेश सरकारसम्बद्ध कुल चार ६१८ वटा उजुरीमध्ये सबैभन्दा बढी अर्थात् एक हजार दुई सय वटा (२५.९९ प्रतिशत) उजुरी मधेस प्रदेशसम्बद्ध र सबैभन्दा कम अर्थात् ३४५ वटा (७.४८ प्रतिशत) उजुरी गण्डकी प्रदेशसम्बद्ध छन्।

विषय क्षेत्रगतरूपमा परेका उजुरी सङ्ख्याको आधारमा कोसी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै रहेका छन्। मधेस प्रदेशमा भने भौतिक पूर्वाधार तथा यातायत क्षेत्रसँग सम्बन्धित उजुरीको सङ्ख्या सबैभन्दा बढी छ।

यस अवधिमा दर्ता भएका स्थानीय तहसम्बद्ध कूल १९ हजार ९३३ उजुरीमध्ये सबैभन्दा बढी अर्थात् सात हजार ७२ वटा (३५.४८ प्रतिशत) उजुरी मधेस प्रदेशका स्थानीय तहसँग सम्बन्धित र सबैभन्दा कम अर्थात् एक हजार चार सय २० वटा (७.१२ प्रतिशत) उजुरी गण्डकी प्रदेशका स्थानीय तहसँग सम्बन्धित रहेका प्रतिवेदनमा उल्लेख छ।

यस अवधिमा आयोगबाट विभिन्न भ्रष्टाचारजन्य कसुरमा १३५ वटा र सम्पत्ति शुद्धीकरण कसुरमा दुई वटा गरी जम्मा १३७ वटा मुद्दा विशेष अदालतमा दायर गरिएको आयोगले जनाएको छ। भ्रष्टाचारजन्य कसुरमा दायर भएका मुद्दामध्ये सबैभन्दा बढी अर्थात् ३७ वटा मुद्दा घुस रिसवतसम्बन्धी छन्। त्यसपछि क्रमशः गैरकानुनी लाभ हानिसम्बन्धी ३५ वटा, झुटा नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी २७ वटा, सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी २४ वटा, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी आठ वटा, र विविध विषयका चार वटा मुद्दा छन्।

उल्लिखित मुद्दाहरूमा ९४ जना महिला, ६१९ जना पुरुष र ४० संस्था गरी कुल ७५३ प्रतिवादीविरुद्ध कैद सजाय र जरिवानाका अतिरिक्त जम्मा रु छ अर्ब एक करोड ८४ लाख ७२ हजार ६९२ रुपैयाँ ९३ पैसा बिगो माग दाबी लिइएको छ।

कूल ७५३ प्रतिवादीहरुमध्ये राष्ट्रसेवक कर्मचारी ३९२, निर्वाचित जनप्रतिनिधिहरु ४८, राजनीतिक नियुक्ति १८, विभिन्न उपभोक्ता तथा व्यवस्थापन समितिका पदाधिकारीलगायत, संस्था र अन्य गरी २९५ रहेका छन्।

आयोगबाट विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये आव २०८१/८२ मा गत विगत आर्थिक वर्षमा दायर भएका मुद्दासमेत जम्मा तीन सय ९३ वटा मुद्दाको फैसला प्राप्त भएको छ। फैसला प्राप्त भएका मुद्दाहरूमध्ये ८७ वटा मुद्दामा पूर्ण र १२० वटा मुद्दामा आंशिक गरी २०७ वटा अर्थात् ५२.६७ प्रतिशत मुद्दामा कसुर कायम भएको आयोगले जनाएको छ।

# चोरी निकासी रोक्न सीमाक्षेत्रमा कडाइ

**हिमाल लम्साल**

पर्सा, ७ असोज (रासस)। पर्सामा अवैध चोरी पैठारी र निकासी नियन्त्रण गर्न सुरक्षा व्यवस्था कडाइ गरिएको छ।

चालु आर्थिक वर्षको दुई महिना बित्दा वीरगञ्ज भन्सार कार्या • लयले लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सकेन। भन्सार विभागले कार्यालयलाई चालु आवको दुई महिनामा ४३ अर्ब तीन करोड ११ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो। तर, कार्यालयले लक्ष्यको ९० दशमलव ९९ प्रतिशत अर्थात् ३९ अर्ब १५ करोड रुपैयाँ मात्रै राजस्व सङ्कलन गरेको हो।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख विष्णुप्रसाद ज्ञवालीले चोरी तस्करी नियन्त्रणका लागि सरोकारवाला निकायसँग समन्वय गरेर अघि बढ्ने बताउनुभयो। पर्साको सीमा क्षेत्रमा हुने चोरी तस्करी रोक्न अग्रपंक्तिमा सशस्त्र प्रहरी बल नेपाल र दोस्रो तहमा नेपाल प्रहरी खटिएका हुन्छन्।

वीरगञ्ज भन्सार कार्यालय र पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयका अनुसार पर्सामा सबैभन्दा धेरै भन्सार छली हुने सामानमा महङ्गा खालका तयारी कपडा, थान कपडा, भ्यालको पर्दा, जुत्ता-चप्पल र तन्ना छन्।

त्यसैगरी कुखुराको अण्डा, कुखुराको चल्ला र कुखुरा, माछा, सुक्खा सिधा माछा पनि भन्सार छली हुने गरेका छन्। मोबाइल, हार्डवेयर तथा बाथरुम फिटिङ्स, किचनका सामानहरू, रङरोगनका सामान पनि भारतीय सीमावर्ती बजारबाट धेरै भित्रिने गर्छन्।

साइकल, मोटरसाइकलको टायर ट्युब, मोटरपार्टस, इलेक्ट्रिक उपकरण र तिनका पार्टपुर्जा भन्सार छली गरी नेपाल भित्रिने गर्छन्। पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयका प्रमुख हरिप्रसाद शर्माले बिलबीजक बिना मालवस्तु ओसार्ने प्रवृत्ति देखिएको बताउनुभयो।

"भारतीय नागरिकले नेपालका कम आयआर्जन भएका नागरिकको नागरिकताको दुरुपयोग गरी विभिन्न फार्महरू दर्ता गरी त्यहीमार्फत तस्करी गर्ने पनि विभिन्न समयमा भेटिएको छ," उहाँले भन्नुभयो, "नेपाल/भारतका नागरिक-एउटाले तस्करीका सामान ओसार्ने र त्यसलाई वैधता दिन बिल मात्र किन्ने, बिलको किनबेच खालका पनि गतिविधि बेलाबखतमा देखिएको छ।"

प्रमुख शर्माले भन्सारमा गलत घोषणा, मूल्य/तौल कम गरी आयात-निर्यात हुने गरेको बताउनुभयो।

पर्साको स्हरी र ग्रामीण क्षेत्रमा चाडपर्व लक्षित तथा जेनजीको प्रदर्शनका अवधिमा पनि केही स्थानमा चोरी तस्करी भएको गुनासो आएको छ।

पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले जेनजी प्रदर्शनका क्रममा बजार केन्द्रित सुरक्षा दिएकामा त्यसपछि ग्रामीण क्षेत्रमा सुरक्षा केन्द्रित गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "सङ्गठित रूपमा अवैध चोरी पैठारी तथा निकासी गर्नेलाई कडाइ गर्दै आइरहेका छौँ।"

यद्यपि पर्साको अलौं, अमरपट्टि, भिष्वा, सिर्सिया, जानकीटोलालगायत स्थानमा धेरै चोरी तस्करी हुने गरेको छ। जिल्ला प्रहरी मातहत ७१ वटा प्रहरी युनिट छन्।

त्यसैगरी सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेड क्वार्टर पर्सामा छ। सो मातहत प्रस्तावित सीमा सुरक्षा गुल्म पाँचवटा छन्। बोर्डर आउट पोष्ट १२ र एफओबी तीन र सुरक्षा बेस भने नौवटा छन्। सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेडक्वाटर पर्साका गणपति पुरनचन्द्र भट्टले ग्रामीण क्षेत्रमा हुन सक्ने चोरी तस्करी नियन्त्रणका लागि रातको समयमा पनि गस्ती बढाउँदै आइरहेको उल्लेख गर्नुभयो।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी किशोर लम्सालले चोरी तस्करी र नियन्त्रणका लागि प्रभावकारी ढङ्गले काम गर्दै आइरहेको दाबी गर्नुभयो।

### २२ अर्ब २५ ...

तथा ठेकेदार जोखिमका एक सय ३२, परिवहन बिमा ११ र अन्यमा १९ वटा आवेदन प्राप्त भएका छन्। प्रदेशगत आधारमा कोशी तीन सय २२, मधेश दुई सय ४६, बागमती एक हजार ३४३, गण्डकी एक सय ८४, लुम्बिनी दुई सय दुई, कर्णाली २२ र सुदूरपश्चिम प्रदेश एक सय ५९ वटा बिमा दाबी परेका प्राधिकरणले जनाएको छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# इनड्राइभको दशैं विशेष : ड्राइभरहरुका लागि ०% सेवा शुल्क

**दैनिक समाचारदाता**
**काठमाडौं, ७ असोज ।**

ग्लोबल मोबिलिटी एण्ड अर्बन सर्भिसेज प्लेटफर्म इनड्राइभले यस दशैंको अवसरमा काठमाडौंका ड्राइभर पार्टनरहरुको लागि विशेष सुविधा ल्याएको छ ।

यसको पियर-टु-पियर (पी-टु-पी) मोडलमार्फत इनड्राइभले यात्रु र चालक दुवैलाई स्वतन्त्र रूपले राइड लिने अधिकार र फेयर मूल्य निर्धारणको सुविधा प्रदान गर्दै सुरक्षित, किफायती र सहज यात्राको अनुभव सुनिश्चित गर्ने दाबी गरिउको छ ।

फ्रीडम अफ चोइस् र फेयर प्राइस - इनड्राइभमार्फत यात्रु र चालकले यात्रा सुरु हुनुअघि नै भाडाबारे आपसी सहमति गर्ने हुनाले दुवैतर्फ उचित मूल्य तय हुन्छ । यो पी-टु-पी मोडलले पारदर्शिता र फलेक्जीबिलिटी सुनिश्चित गर्छ, जसले दुवै पक्षलाई आफ्ना लागि उपयुक्त विकल्प छान्ने अधिकार दिन्छ । यसले गर्दा दुवै पक्षलाई वास्तविक स्वतन्त्रताको अनुभव हुन्छ ।

ड्राइभरहरुका लागि ०% सेवा शुल्क-दशैंको अवसरमा इनड्राइभले राजधानीका आफ्ना ड्राइभर पार्टनरहरूलाई विशेष ध्यानमा राख्दै उनीहरुलाई ०% सेवा शुल्कको घोषणा गरेको छ । यस अन्तर्गत दशैं अवधिभर ड्राइभरहरूले कुनै पनि सेवा शुल्क तिर्नुपर्ने छैन र राइडको क्रममा भएको सम्पूर्ण आम्दानी उनीहरूले नै १००% राख्न पाउनेछन् ।

आशीर्वाद र सद्भाव बाँड्ने समय दशैंको अवसरमा इनड्राइभले आफ्नो सेवाको मूल आधार चालकहरूप्रति आभार प्रकट गर्न ०% सेवा शुल्कको घोषणा गरेको हो। यस अवसरमा चालकहरूले थप आम्दानी गर्दै आर्थिक बोझ हल्का गर्ने र निश्चिन्त भएर आफ्नो परिवारसँग रमाइलो समय बिताउन सक्नेछन् ।

"इनड्राइभमा हामी आफूलाई ठूलो समुदायको हिस्सा मान्छौं । हामीलाई विश्वास छ कि आपसी सहयोग र समर्थनमै बलियो समुदाय निर्माण हुन्छ । यसै भावना अनुरूप दशैंको अवसरमा हामीले ड्राइभर पार्टनरहरूलाई थप आम्दानी गर्न सहयोग पुग्ने र यात्रुहरूले पनि सुरक्षित तथा निष्पक्ष यात्राको अनुभव पाउन सक्ने वातावरण बनाउन चालकहरूका लागि ०% सेवा शुल्कको सुविधा उपलब्ध गराएका छौं," इनड्राइभ नेपालकी कन्ट्री रिप्रिजेन्टेटिभ रीता पोखरेलले भनिन् ।




सुरक्षा इनड्राइभको सर्वोच्च प्राथमिकता हो । यात्रु तथा उनीहरूका प्रियजनहरूको लागि रियल-टाइम राइड ट्र्याकिङ, चालक र यात्रु दुवैका लागि विश्वसनिय र पारदर्शी रेटिङ प्रणाली, चाँडो सहायता उपलब्ध गराउने र हप्ताको सातै दिन चौबिसै घण्टा चल्ने इन-एप सपोर्ट तथा यात्रुहरूले राइडको विवरण आफ्नो विश्वसनीय सम्पर्कमा शेयर गर्न सक्ने "सेयर-ट्रिप" जस्ता सुविधाहरू मार्फत इनड्राइभले सुरक्षालाई प्रभावकारी रूपमा मजबुत बनाएको छ ।

यी फिचरहरूले प्रत्येक यात्रा केवल सुविधाजनक र न्यायोचित मात्र नभई सुरक्षित र भरपर्दो पनि बनाउँछ ।

यस दशैंमा इनड्राइभ काठमाडौंका यात्रुहरूलाई थप यात्रा गर्न र स्थानीय चालकहरूलाई राइड लिन आमन्त्रण गर्दछ । इनड्राइभ रोज्दा यात्रुहरूले किफायती, सुरक्षित र आफ्नो रोजाई अनुसारको यात्रा गर्न पाउँछन् भने चालकहरूले आफ्नो मेहनतको आम्दानी बढी राख्न सक्छन्। यसरी समुदायले दशैंलाई अझ बढी खुशी र समृद्धिसहित मनाउन सक्नेछ ।

# चोरी भएका सामान बुझाउन निगमको आग्रह

काठमाडौं, ७ असोज (रासस) ।

नेपाल वायुसेवा निगमले आन्दोलनका क्रममा हराएका तथा चोरी भएका नगद तथा जिन्सी सामान बुझाउन आग्रह गरेको छ ।

मंगलबार एक सूचना जारी गरी निगमले भदौ २४ को 'जेनजी' प्रदर्शनका क्रममा निगमको कान्तिपथस्थित केन्द्रीय कार्यालयमा भएको तोडफोड, आगजनी, चोरी एवम् लुटपाटबाट हराएका सामग्री फिर्ता गर्न सबैलाई आग्रह गरेको हो ।

निगमको कार्यालयबाट नगद, मोबाइल, कम्प्युटर सेट,

*बाँकी अन्तिम पृष्ठमा*


**चमेना गृह सञ्चालनको लागि शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्वन्धी**

**सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति : २०८२/०६/०८

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड शाखा कार्यालय गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र भित्र चमेना गृह सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति वा इजाजत प्राप्त निकायले खाना तथा खाजाको शिलबन्दी दररेट तथा यो भन्दा पहिलेको कार्य अनुभव भएमा प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध) दिनभित्र दरभाउपत्र खरिद गर्न र १६ औं दिनको १२:०० बजेभित्र शिलबन्दी गरी दरभाउपत्र कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । चमेनागृह सञ्चालनका शर्त एवं सुविधाहरु उल्लेखित दरभाउपत्र यस कार्यालयबाट रु.१,०००।०० (रुपैया एक हजार)मात्र नगद (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । अन्य विस्तृत कुरा बुझ्न परेमा यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ ।

**औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड**
(नेपाल सरकारको स्वामित्व भएको)
शाखा कार्यालय, गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र, रुपनी-५, सप्तरी


## विश्व समाचार

### सुपर टाइफुन रागासा नजिकिँदा चीनका १० सहरमा विद्यालय-व्यवसाय बन्द

बेइजिङ, ७ असोज (रासस/एएफपी) ।

सुपर टाइफुन रागासा दक्षिण चीनतर्फ नजिकिँदै जाँदा मङ्गलबार कम्तीमा १० वटा सहरमा विद्यालय र व्यवसाय बन्द गर्ने आदेश दिइएको छ । यी उपायहरूले लाखौं मानिस प्रभावित हुनेछन् भने चीनको प्रमुख उत्पादन क्षेत्रका हजारौं कारखानामा क्रियाकलाप रोकिँदै गएको छ । गुआङ्गडोङ प्रान्तको आपत्कालीन व्यवस्थापन ब्युरोले रागासाले २४ घण्टाभित्र प्रान्तको मध्य र पश्चिमी तटीय क्षेत्रमा अवतरण गर्ने जनाएको छ । "प्रमुख क्षेत्रहरूले निर्णायक उपाय अपनाउनुपर्छ, मानिसहरूको जीवन र सम्पत्तिको सुरक्षा सुनिश्चित गर्नुपर्छ र क्षति कम गर्न सक्दो प्रयास गर्नुपर्छ", विज्ञप्तिमा भनिएको छ । रागासा नजिकिँदै गर्दा गुआङ्गडोङले आँधीका लागि उच्चतम आपत्कालीन प्रतिक्रिया सक्रिय गरेको छ । हङकङ मौसम सेवाअनुसार यसले दुई सय ३० किलोमिटर प्रतिघण्टासम्मको हावा बोकेको छ । सेन्जेनले चार लाख मानिसलाई खाली गर्न आदेश दिएको छ । अधिकारीहरूले 'तीव्र हावा, वर्षा, छाल र बाढी' को चेतावनी दिँदै आकस्मिक अवस्थाबाहेक बाहिर ननिस्कन आग्रह गरेका छन् । बजार र काम दिउँसोदेखि बन्द हुने जनाइएको छ । झुहाई, डोङ्गगुआन र फोसानलगायत अन्य प्रमुख सहरमा पनि निलम्बन आदेश जारी गरिएको छ । फोसानको आपत्कालीन मुख्यालयले 'तीव्र हावा र भारी वर्षाले सहरलाई गम्भीर असर पार्नेछ' भन्दै चेतावनी दिएको छ । रागासा हाल दक्षिण चीन सागर हुँदै अघि बढिरहेको छ । यसअघि फिलिपिन्समा यसले प्रभाव पारेको थियो । त्यहाँ एक व्यक्तिको मृत्यु भएको थियो । चिनियाँ राज्य प्रसारक सिसिटिभीले जलमार्गको उत्तरी भाग, ताइवान स्ट्रेटको दक्षिणी भाग, बाशी च्यानल र गुआङ्गडोङ नजिकै सञ्चालन हुने जहाजहरूलाई सुरक्षा सचेतना अपनाउन आग्रह गरेको छ । वैज्ञानिकहरू मानवसिर्जित जलवायु परिवर्तनले आँधीबेहरीलाई अझ शक्तिशाली र बारम्बार बनाउँदै गएकोमा एकमत छन् ।

### न्युजिल्यान्डमा सुटकेस हत्या प्रकरणमा आमा दोषी ठहर

अकल्यान्ड, ७ असोज (रासस/एएफपी) ।

न्युजिल्यान्डकी एक आमालाई आफ्ना दुई सन्तानको हत्या गरी शव सुटकेसमा राखेको आरोपमा दोषी ठहर गरिएको छ । पैँतालिस वर्षीया हाक्युङ लीलाई उनका बच्चाहरूको अवशेष दक्षिण अकल्यान्डको भण्डारण एकाइमा रहेको सुटकेसमा फेला परेपछि सन् २०२२ मा सियोलबाट सुपुर्दगी गरिएको थियो । अधिकारीहरूले ती बालबालिका मृत्यु भएको तीनदेखि चार वर्षपछि मात्र शव भेटिएको विश्वास गरेका छन् । पीडित आठ वर्षीया युना जो र छ वर्षीया मिनु जो थिए । लीका वकिलहरूले उनको मानसिक अवस्था बिग्रिएको भन्दै पागलपनका कारण दोषी नभएको दाबी गरेका थिए । उनी सन् २०१७ मा पतिको मृत्युपछि गहिरो डिप्रेसनमा पुगेकी थिइन् । तर अभियोजन पक्षले लीलाई आफ्नो कार्यबारे सचेत भएको तर्क गर्‍यो । अकल्यान्ड उच्च अदालतको जुरीले दुई घण्टा छलफलपछि उनलाई दोषी ठहर गर्‍यो । अब उनलाई न्युजिल्यान्डको कानूनअनुसार न्यूनतम १० वर्ष बिना पैरोलदेखि अधिकतम आजीवन कारावाससम्मको सजाय हुनेछ । तीन हप्ते सुनुवाइमा ली सधैं टाउको झुकाएर बसिन्, अनुहार कपालले ढाकिएको थियो । उनले अनुवादक र सुरक्षा गार्डबीच बसे पनि कार्यवाहीभर बोलिनन् वा प्रश्नको उत्तर दिइनन् प्रतिरक्षा पक्षका वकिल लोरेन स्मिथले लीले आफ्ना बच्चाहरूलाई एन्टीडिप्रेसन्ट दिएको स्वीकार गरेको बताउनुभयो । उहाँको विचारमा परिवारका सबै सदस्यले औषधि लिएर मृत्यु हुनु उत्तम हुने थियो । तर गलत मात्रा दिएपछि बालबालिकाको मृत्यु भएको र उनी उठ्दा बच्चाहरू मृत फेला परेका थिए । दुवै शव प्लास्टिकमा बेरेर छुट्टाछुट्टै आडू रङको सुटकेसमा राखिएको अवस्थामा भेटिएको प्रहरी अधिकारीले अदालतलाई बताए ।

### युक्रेनी नागरिकमाथि 'व्यवस्थित यातना' गरेको भन्दै राष्ट्रसङ्घद्वारा रुसको निन्दा

जेनेभा, ७ असोज (रासस/एएफपी) ।

रुसी अधिकारीहरूले युक्रेनी नागरिक बन्दीहरूलाई 'व्यापक र व्यवस्थित ढङ्गले' यौन हिंसासहित यातना दिएको संयुक्त राष्ट्रसङ्घले मङ्गलबार जनाएको छ । संयुक्त राष्ट्रसङ्घको मानवअधिकार कार्यालयको ताजा प्रतिवेदनले सन् २०२२ फेब्रुअरीमा पूर्ण आक्रमण सुरु भएयता रुसले युक्रेनी नागरिक बन्दीहरूलाई अन्तर्राष्ट्रिय कानूनको 'गम्भीर उल्लङ्घनको लगातार ढाँचामा' राखेको निष्कर्ष निकालेको हो । सन् २०२३ जुनयता कब्जा गरिएका क्षेत्रबाट रिहा भएका दुई सय १६ सर्वसाधारणको अन्तर्वार्तामा, ९२ प्रतिशतले 'कैद अवधिमा यातना वा दुर्व्यवहार' भोगेको विवरण दिएका छन् । लाठी, बिजुलीको झट्का, नक्कली मृत्युदण्ड, मृत्युको धम्की, अपमान र विभिन्न तनावपूर्ण अवस्थाहरू त्यस्ता विधिहरूमा समावेश थिए । प्रतिवेदनमा भनिएको छ, "धेरै अन्तर्वार्ता लिनेहरूले नजरबन्द अवधिभर धेरै प्रकारका यातना वा दुर्व्यवहार सहनुपरेको विवरण दिएका छन् ।" सन् २०२५ मेमा युक्रेनी अधिकारीहरूले करिब एक हजार आठ सय नागरिकलाई रुसले हिरासतमा राखेको रिपोर्ट गरे पनि वास्तविक सङ्ख्या अझ बढी हुनसक्ने चेतावनी दिइएको छ । कानूनी सुरक्षाको बेवास्ता र जवाफदेहिताको अभावले बन्दीहरूलाई संरक्षणबाहिर राखेको प्रतिवेदनले औँल्याएको छ । संयुक्त राष्ट्र मानव अधिकार प्रमुख भोल्कर टर्कले भन्नुभयो, "मानिसहरूलाई कब्जा गरिएका क्षेत्रमा सडकबाट जबर्जस्ती उठाइयो, कानूनी आधारविनै स्थानान्तरण गरी आरोप लगाइयो र लामो समयसम्म कैद गरियो ।" उहाँले शान्ति वार्तामा बन्दीहरूको मानव अधिकारलाई प्राथमिकता दिन आग्रह गर्नुभयो । प्रतिवेदनले युक्रेनी अधिकारीहरूले हिरासतमा लिएका नागरिकहरूमाथि पनि 'यातना र दुर्व्यवहार' का केही घटना दर्ता गरेको छ । जुलाईको अन्त्यसम्म युक्रेनले पूर्व-परीक्षण र दण्ड सुविधामा दुई हजार दुई सय ५० भन्दा बढी द्वन्द्व-सम्बन्धित कैदी राखेको बताइएको छ, जसमा अधिकांश युक्रेनी नागरिक थिए । युक्रेनले आफ्ना नागरिकलाई राजद्रोह, जासुसी र रुसी कब्जा अधिकारीहरूसँग सहयोग गरेको अभियोगमा हिरासतमा लिएको पाइएको छ । प्रतिवेदनले कब्जाका समयमा आपत्कालीन सेवा, निर्माण, मानवीय राहत र फोहोर व्यवस्थापनमा संलग्न सामान्य कामलाई समेत मुद्दा लगाइएको उल्लेख गरेको छ ।

# अझै नियन्त्रणमा आएन हैजा

पर्सा, ७ असोज (रासस)।
वीरगञ्ज महानगर वरपर हैजाका बिरामी भेटिएको एक महिनाभन्दा धेरै भइसक्यो। तर अहिलेसम्म हैजा कसरी फैलियो भनेर स्रोत पत्ता लाग्न सकेको छैन भने नियन्त्रणमा पनि आउन सकेको छैन।

स्वास्थ्य कार्यालय पर्साका अनुसार आइतबार बेलुकी ५ देखि सोमबार बेलुकी ५ बजेसम्मको २४ घण्टामा २८ जना नयाँ हैजाका बिरामी फेला परेका छन्। जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले यही असोज ६ गतेसम्म हैजाका बिरामीको आरडिटी जाँच गर्दा २४० जनामा संक्रमण भेटिएको जानकारी दिनुभयो।

जसमध्ये २३६ जना हैजाका बिरामी उपचार पश्चात डिस्चार्ज भइसकेका छन्। जसमध्ये अझै चार जना उपचारत छन्। महानगर आसपासमा हैजा देखिएपछि यहाँका २१ वटा अस्पतालमा सुरुवाती दिनदेखि असोज ६ गतेसम्म एक हजार ५१२ जना बिरामी हैजा तथा झाडापखलाका लक्षण देखा परेर अस्पताल भर्ना भएका छन्।

भर्ना भएकामध्ये एक हजार ४७९ जना उपचारपश्चात घर फर्किसकेका छन्। हैजाका चार बिरामी 'आइसियू'मा उपचाररत छन् भने एक जना 'एचडियू'मा उपचारत छन्। त्यसैगरी २८ बिरामीको जनरल वार्डमा उपचार भइरहेको छ। जनस्वास्थ्य अधिकृत ठाकुरले सर्वसाधारण जनता आफै सचेत र सजग नहुँदासम्म हैजा नियन्त्रण गर्न गाह्रो हुने बताउनुभयो।

"हामीले पर्याप्त मात्रामा जनचेतनाका अभियान सञ्चालन गरिरहेका छौँ। तर सर्वसाधारणहरु अटेरी हुँदा पनि हैजा नियन्त्रण गर्न गाह्रो भइरहेको छ," उहाँले भन्नुभयो, "पानी उमालेर वा क्लोरिन राखेर खानका लागि अनुरोध गरेका छौँ। सर्वसाधारणले मानेका छैनन्।"

उहाँले मङ्गलबारदेखि स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयसेवीहरुको समूह हैजा प्रभावित वडामा घरघरमा पुगेर क्लोरिनयुक्त पानी खुवाउन सिकाउने कार्यक्रम राखिएको जानकारी दिनुभयो।

# नेपाल रेल्वे कम्पनीले मालवाहक रेल सञ्चालन गर्ने

जनकपुरधाम, ७ असोज (रासस)।
नेपाल रेल्वे कम्पनीले आफ्नो कम्पनीलाई व्यावसायिक तथा नाफामूलक बनाउन कार्गो रेल्वे सेवा सञ्चालनको प्रक्रिया अगाडि बढाएको छ।

भारतको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालनमा रहेको ६५ किलोमिटर लामो ब्रोडगेज यात्रुवाहक रेल्वेसँगै कार्गो सेवा सञ्चालन गर्ने तयारी भइरहेको कम्पनीले जनाएको हो।

भारत सरकारको रु १० अर्ब लागतमा मर्मत तथा निमार्ण भइ हाल जयनगरबाट जनकपुरहुँदै महोत्तरीको बिजलपुरासम्म यात्रुवाहक रेल्वे सेवा सञ्चालन भइरहेको छ। नेपाल सरकारले भारत सरकारसँग खरिद गरेको दुईवटा इन्जिनसहितको चार/चार वटा बोगीमार्फत यस क्षेत्रका जनतालाई नियमित सेवा प्रदान गर्दै आएको छ।

यात्री ओसारपसार गरेर रेल्वे सेवालाई व्यावसायिक बनाउन तथा नाफामा लैजाने अवस्था नभएकाले सो कम्पनीले पटक-पटक नेपाल सरकारलाई ध्यान आर्कषण गराउँदै आएको छ। कार्गो रेल्वे सेवा निकट भविष्यमा सञ्चालनमा आउने कम्पनीका महाप्रबन्धक निरञ्जन झाले विश्वास व्यक्त गर्नुभयो।

अहिलेको रेल्वेमा बोगी थपेर वा नयाँ रेल नै थपेर कार्गो रेल्वे सेवा सञ्चालन गर्ने भन्ने विषयमा छलफल भइरहेको उहाँको भनाइ छ। कार्गो रेल्वे सेवा सञ्चालनका लागि महोत्तरीको रामनगर तथा बर्दिवाससम्म रेल्वे सेवा विस्तार गर्न नयाँ स्टेशन निर्माण गर्नेमा भारतीय पक्ष अग्रसर भएको महाप्रबन्धक झाले बताउनुभयो।

भारतको कलकत्ता बन्दरगाहदेखि सस्तो दरमा नेपालमा मालसमान ढुवानी गर्न कार्गो रेल्वे सेवा सञ्चालनका लागि पहिलेदेखि यसक्षेत्रका व्यवसायीले माग गर्दै आएको भएपनि हालसम्म सञ्चालन हुन सकेको छैन। जनकपुरका व्यवसायी रामनरेश साहले कार्गो रेल्वे सेवा सञ्चालन भएमा मालसमान ढुवानीका लागि सहज तथा सस्तो हुने बताउनुभयो।

# वीरगञ्ज नाका हुँदै २६ अर्बको पेट्रोलियम पदार्थ आयात

पर्सा, ७ असोज (रासस)।
वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्ष २०८२/८३ को दुई महिनामा रु २६ अर्ब ३३ करोड बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ। सो अवधिमा डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयात गरिएको हो।

गत आवको दुई महिनाको तुलनामा चालु आवको दुई महिनामा उक्त नाका हुँदै रु एक अर्ब ७६ करोड बढीको पेट्रोलियम पदार्थ आयात गरिएको वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले जानकारी दिनुभयो। सो अवधिमा आयात बढेसँगै रु एक अर्ब २९ करोड बढी राजस्वसमेत सङ्कलन भएको छ।

"यहाँको राजस्वको मुख्य आधार पेट्रोलियम पदार्थ र सवारीसाधन आयात हो", प्रमुख भन्सार प्रशासक ज्ञवालीले भन्नुभयो। गत आवको दुई महिनाको अवधिमा पेट्रोलियम पदार्थ आयातबाट कार्यालयले रु नौ अर्ब ८९ करोड राजस्व सङ्कलन गरेको थियो। त्यस्तै चालु आवको दुई महिनामा पेट्रोलियम पदार्थबाट रु ११ अर्ब १८ करोड सङ्कलन गरेको छ।

चालु आवको दुई महिनामा रु ११ अर्ब ९१ करोडको एक लाख ३२ हजार आठ सय २४ किलोलिटर डिजेल आयात गरिँदा रु पाँच अर्ब २८ करोड राजस्व सङ्कलन भएको छ। गत आवको सोही अवधिमा रु १० अर्ब ४५ करोड मूल्यको डिजेल आयात हुँदा रु चार अर्ब ५१ करोड राजस्व सङ्कलन भएको प्रमुख भन्सार प्रशासक ज्ञवालीले बताउनुभयो।

चालु आवको दुई महिनामा रु छ अर्ब ८२ करोडको ८० हजार ५६० किलोलिटर पेट्रोल आयात हुँदा कार्यालयले रु चार अर्ब ५४ करोड राजस्व सङ्कलन गरेको छ। गत आवको सोही अवधिमा भने रु छ अर्ब ४० करोडको ६९ हजार ६४७ किलोलिटर पेट्रोल आयात हुँदा रु तीन अर्ब ९९ करोड राजस्व सङ्कलन भएको थियो। त्यस्तै चालु आवको दुई महिनामा रु पाँच अर्ब १२ करोडको चार करोड ९५ लाख ६६ हजार ६६४ किलो एलपी ग्यास आयात हुँदा रु ९६ करोड राजस्व सङ्कलन भएको छ। गत आवको सोही अवधिमा भने रु पाँच अर्ब ३६ करोडको चार करोड ९७ लाख ५५ हजार १९४ किलो एलपी ग्यास आयात हुँदा रु एक अर्ब राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ।

# सात थान पेस्तोल, ६ वटा म्यागजिन र गोलीसहित दुई पक्राउ

काठमाडौँ, ७ असोज (रासस)।
प्रहरीले काठमाडौँ महानगरपालिका-१६ खरिबोटस्थित कार वास सेन्टरको पार्किङ स्थलबाट सात थान पेस्तोल, छ थान म्यागजिन र ३३ राउण्ड एसएलआरको गोलीसहित दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा उदयपुर गढी गाउँपालिका-८ घर भई हाल तारकेश्वर नगरपालिका-५ लोलाङ बस्ने ३० वर्षीय हिराबहादुर मगर तथा रामेछाप मन्थली नगरपालिका घर भई हाल काठमाडौँ महानगरपालिका-१६ बोहरेटार बस्ने २८ वर्षीय लक्ष्मण श्रेष्ठ रहेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक पूर्णिमा चन्दले राससलाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "हिराबहादुरले पार्किङ गरी राखेको बा प्र ०१-००२ प ६४४९ नम्बरको ट्याक्सीमा विभिन्न हातहियार रहेको भन्ने सूचनाका आधारमा काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानी पोखरी र प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले ट्याक्सीमा तलासी गर्दा डिक्की भित्र लुकाइ राखिएको अवस्थामा उक्त हातहतियार फेला पारी दुई जनालाई पक्राउ गरिएको हो।"

हिराबहादुर मगरलाई हिजो र लक्ष्मण श्रेष्ठलाई सोमबार पक्राउ गरिएको र उनीहरुको साथबाट प्रहरीले पेस्तोल सात थान, म्यागजिन ६ थान, एसएलआर राईफलमा प्रयोग हुने गोली ३३ राउण्ड, 'वाकीटकी ह्याण्ड सेट'को ब्याट्री एक थानलगायतका सामान बरामद गरिएको प्रवक्ता चन्दले बताउनुभयो।

फेला परेको उक्त हतियारका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

# दुई दिनमा ६ सय ५६ कैदीबन्दी कारागार फर्काइए

काठमाडौँ, ७ असोज (रासस)।
'जेनजी' प्रदर्शनका क्रममा उत्पन्न परिस्थितिपछि कारागारबाट भागेकामध्ये हालसम्म छ हजार ९८४ कैदीबन्दीलाई फर्काइएको छ। कारागार व्यवस्थापन विभागका अनुसार अझै सात हजार ५७२ कैदीबन्दी फरार छन्।

पछिल्लो दुई दिनमा छ सय ५६ जना कैदीबन्दीलाई कारागारमा फर्काइएको विभागका निर्देशक चोमेन्द्र न्यौपानेले राससलाई जानकारी दिनुभयो। कैदीबन्दीहरू दैनिकजसो कारागारमा आइरहेका उहाँको भनाइ छ।

गत भदौ २४ गते जेनजीद्वारा गरिएको प्रदर्शनका क्रममा कारागारमा तोडफोड र आगजनी हुन थालेपछि कैदीबन्दी भागेका थिए। भागेका कैदीबन्दीको कूल सङ्ख्या १४ हजार ५५६ रहेको छ भने १५ हजार ५२५ कैदीबन्दी भने नभागी बसेका थिए।

फरार रहेकाहरूको खोजी जारी रहेको विभागले जनाएको छ। ती कैदीबन्दीहरू २८ वटा कारागार र नौ वटा सुधारगृहबाट भागेका थिए। कतिपयलाई प्रहरीले पक्राउ गरेर ल्याएको छ भने अधिकांश आफैँ आएका हुन्। बालसुधार गृहबाट नौ सय ६३ जना भागेका थिए। प्रहरीले हिरासतमा रहेका दुई हजार आरोपीसमेत फरार रहेका र खोजी जारी रहेको जानकारी दिएको छ। दश जना कैदीबन्दीको भने मृत्यु भएको छ।

### चोरी भएका ...

ल्यापटप, स्क्यानर, प्रिन्टर, हार्ड डिस्क, क्याल्कुलेटर, सोभिनियरलगायत सामग्री लुटपाट एवम् चोरी भएको जनाइएको छ।

निगमले तोडफोड तथा चोरीमा संलग्न व्यक्तिको सिसिटिभी फुटेजमार्फत पहिचान गर्ने कार्य भइरहेको हुँदा सामान चाँडो फिर्ता गर्न र अन्यथा, चोरीमा संलग्न व्यक्तिलाई कानुनबमोजिम कारबाही गरिने जनाएको छ।

### बेपत्ता बालकको ...

नदीमा नुहाउँदा यादव बेपत्ता भएका थिए।

घटनापछि इलाका प्रहरी कार्यालय गरुडा, इलाका प्रहरी कार्यालय समनपुर, प्रहरी चौकी विश्रामपुर, प्रहरी चौकी धरमपुर, सशस्त्र प्रहरी बल समनपुर क्याम्पका सुरक्षाकर्मी तथा स्थानीय बासिन्दाले लगातार खोजी कार्य गरेका थिए।

मंगलबार दिउँसो समनपुर पुलदेखि करिब एक किलोमिटर दक्षिणतर्फ उनको शव फेला परेको ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी शंकरप्रसाद आचार्यले जानकारी दिएका छन्। मृतक यादव इलाका प्रहरी कार्यालय गरुडामा कार्यरत प्रहरी गजेन्द्र यादवका छोरा हुन्।

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शंखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेवसाइट : *rajbirajdainik.com.np*